## रोशी गान

डाँडाकाँडा हरियाली, लेक बेँसी गाउँ
हामीलाई प्यारो लाग्छ, रोशी हाम्रो ठाउँ

महाभारत शृङ्खलामा, ताराखसे लेक
भूमिचुली घ्याङडाँडा तीनधारे भेग
कटुन्जे र माम्ती भिमसेन डम्फुपार्क राम्रो
सुन्दरताले भरिपूर्ण गौरव हो हाम्रो

फरक जाति भाषा धर्म कला थरी थरी
हाम्रो रोशी हामीलाई लाग्छ, सर्वोपरी

गोदावरी वनपाखामा निलाम्बरी फुल्छन्
पसिना र पौरखले रोशी हाम्रो झुल्छन्
हाम्रो आफ्नै संस्कृति छन् कला पहिचान
सिर्जनाले बढाउँछौ, रोशीको यो शान

डाँडाकाँडा हरियाली, लेक बेँसी गाउँ
हामीलाई प्यारो लाग्छ, रोशी हाम्रो ठाउँ

स्थानीय पाठ्यपुस्तक, कक्षा २

मेरो रोशी

# स्थानीय पाठ्यपुस्तक

## कक्षा २






रोशी गाउँपालिका
कटुन्जे, काभ्रेपलान्चोक

# मेरो रोशी

## स्थानीय पाठ्यपुस्तक

## कक्षा २


लेखन तथा संयोजन

उद्धवप्रसाद प्याकुरेल

गुणराज मोक्तान

लेखन समूह

अम्बिका प्र दहाल
गण बहादुर जिम्बा
नारायण प्र. गौतम
रचना मोक्तान
राम कुमार शाही
शुसिल उप्रेती
यादव दाहाल
कुमारी राई
दिल बहादुर लामा
महेन्द्र श्रेष्ठ
राजकुमार रायामाझी
रामकुमार शाही
साधुराम रानामगर
सिर्जना तामाङ



रोशी गाउँपालिका

कटुन्जे, काभ्रेपलान्चोक

**प्रकाशक :** रोशी गाउँपालिका
कटुन्जे, काभ्रेपलान्चोक

**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** पहिलो

**प्रकाशन :** २०७८

**भाषा सम्पादन :** दिवाकर ढुङ्गेल

**रूप विन्यास :** जयराम कुइँकेल

**मुद्रक :**

# हाम्रो भनाइ

स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु तथा स्थानीय विज्ञको सहभागितामा पाठ्यक्रम प्रारूप २०७६ को मर्म र भावनानुसार आधारभूत तह कक्षा १-८ स्थानीय पाठ्यक्रम विकास गरी कार्यन्वयन गरिएको छ । भौगोलिक अवस्थिति, प्राकृतिक विविधता, सांस्कृतिक सम्पदा, जातिगत अवस्था, आर्थिक तथा सामाजिक परिवेशका साथै स्रोत साधनका दृष्टिकोणबाट हेर्दा रोशी गाउँपालिकाको आफ्नै विशेषता रहेको छ। यस पाठ्यपुस्तकमा रोशीको सेरोफेरो, स्थानीय सम्पदा संरक्षण, पर्यटन, कृषि तथा पशुपालन, स्थानीय सिपगत शिक्षा, मूल्य मान्यता, स्वास्थ्य, विपत् व्यवस्थापनका साथै सूचना र प्रविधिलाई समावेश गरिएको छ । स्थानीय पाठ्यक्रमका यी विषय क्षेत्रमा आधारित रही तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिहरू विद्यार्थीहरूले सहज ढङ्गबाट प्राप्त गर्न सकून् भन्ने उद्देश्यले स्थानीय विज्ञको सहयोगमा प्रयोग गरी स्थानीय पाठ्यपुस्तक कक्षा २ तयार गरिएको छ। यस पाठ्यपुस्तकमा जम्मा १९ ओटा पाठ र सोहीअनुसारका अभ्यास समावेश गरिएका छन् । स्थानीय पाठ्यपुस्तकमा समावेश गरिएका यी पाठ र अभ्यासले स्थानीय पाठ्यक्रमका विषय क्षेत्र, सिकाइ उपलब्धि समेट्न सकेको छ। पाठहरू बालकविता, बालकथा, प्रबन्ध, संवाद, चिठी जस्ता शैलीमा स्थानीय विषयवस्तु समेटेर विद्यार्थीलाई अध्ययन गर्न आकर्षक बनाइएका छन्। यस्तै, चित्रहरूमा पनि पाठअनुसार स्थानीयता प्राप्त गर्न सकिने छ। प्रयोगात्मक अभ्यासहरू विद्यार्थीको सिकाइलाई सहज हुने गरी प्रस्तुत गरिएको छ। यसरी हेर्दा यो स्थानीय पाठ्यपुस्तक सिकारु केन्द्रित छ। यसमा विद्यार्थीको रुचि र क्षमतालाई ध्यान दिइएको छ।

यो स्थानीय पाठ्यपुस्तक निर्माण तथा विकास गर्ने क्रममा स्थानीय विज्ञताको प्रयोग गरिएको छ। यस महत्त्वपूर्ण अभियानमा सहभागी भई सहयोग गर्नुहुने शिक्षक, बुद्धिजीवी, सहयोगी संस्था, विषय विज्ञ, रोशी गाउँपालिका शिक्षा शाखालगायत सम्पूर्णमा रोशी गाउँपालिका परिवार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

रोशी गाउँपालिका
कटुन्जे, काभ्रेपलान्चोक

# विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ १ | अनिसा र फुर्साङको परिवार | १ |
| पाठ २ | सपनाको परियोजना कार्य | ६ |
| पाठ ३ | पेम्बाको काम | ११ |
| पाठ ४ | मेरो गाउँ | १४ |
| पाठ ५ | हाम्रा वरपरको सार्वजानिक स्थल | १८ |
| पाठ ६ | मेरो गाउँको धार्मिक स्थल | २३ |
| पाठ ७ | पुष्पकको कथा | २८ |
| पाठ ८ | हाम्रो भ्रमण | ३२ |
| पाठ ९ | हाम्रो रोशी | ३७ |
| पाठ १० | हाम्रा घरपालुवा जनावर | ४२ |
| पाठ ११ | हाम्रो खेती | ४७ |
| पाठ १२ | हाम्रो लोकभाका | ५१ |
| पाठ १३ | ढुकुर र स्याल | ५४ |
| पाठ १४ | कुहिने र नकुहिने फोहोर | ६० |
| पाठ १५ | वैद्य आमा | ६४ |
| पाठ १६ | बुद्धिमान छोराछोरी | ६८ |
| पाठ १७ | विपत्बाट बच्ने उपाय | ७३ |
| पाठ १८ | मोबाइल | ७७ |
| पाठ १९ | चिठी | ८० |

# १

# अनिसा र फुर्साङको परिवार

अनिसा रोशी गाउँपालिका वडा नं. तीन भदौरे गाउँमा बस्छिन् । फुर्साङ मजुवा गाउँमा बस्छन् । उनीहरू दुवैजना कक्षा दुईमा पढ्छन् । एक दिन विद्यालय जाँदै गर्दा उनीहरूको अँधेरी खोलामा भेट भयो । उनीहरूले भेटघाटमा के के कुरा गरे होलान् ?



फुर्साङ : सन्चै छौ अनिसा ?

अनिसा : सन्चै छु, अनि तिमीलाई कस्तो छ नि फुर्साङ ?

फुर्साङ : मलाई पनि एकदम ठिक छ । अनि तिम्रो घरपरिवारलाई कस्तो छ नि, अनिसा ?

अनिसा : मेरो परिवारमा सबैजनालाई सन्चै छ । फुर्साङ अनि तिम्रो परिवारमा को को हुनुहुन्छ त ?

फुर्साङ : मेरो परिवारमा हजुरबुबा, हजुरआमा, बुवा, आमा, दिदी र म गरी छ जना छौँ । अनि तिम्रो परिवारमा को को हुनुहुन्छ नि ?

अनिसा : मेरो परिवारमा बुवा, आमा, काका, काकी, दाइ, म, भाइ र बहिनी गरी आठ जना छौँ ।



फुर्साङ : ए, हाम्रोभन्दा तिम्रो परिवार पो ठुलो रहेछ । अनि उहाँहरू कति कति वर्षका हुनुहुन्छ त ?

अनिसा : मेरो बुबा पैँतिस वर्षको हुनुहुन्छ । आमा तिस वर्ष, काका पच्चिस वर्ष, काकी बाइस वर्ष, दाइ बाह्र वर्ष, म सात वर्ष, भाइ, चार वर्ष र बहिनी दुई वर्षकी भइन् । अनि तिम्रो नि ?

फुर्साङ : मेरो हजुरबुबा साठी वर्षको हुनुहुन्छ । हजुरआमा पचपन्न वर्षको हुनुहुन्छ । बुबा चालिस वर्ष, आमा अठ्तिस वर्ष, दिदी पन्ध्र वर्ष र म सात वर्षको भएँ ।

अनिसा : हेर न, हामी एउटै कक्षमा पढ्छौँ । आजसम्म तिम्रो परिवारको बारेमा मलाई त थाहै थिएन ।

फुर्साङ : हो अनिसा, मलाई पनि तिम्रो परिवारको विषयमा थाहा थिएन । यसरी बाटामा हिँड्दा छलफल गरे त धेरै कुरा सिकिन्छ नि ।

अनिसा : ए, कुराकानी गर्दागर्दै स्कुल पनि आइपुगेछ। अब बाँकी कुरा पछि गरौँला है ।

फुर्साङ : हुन्छ अनिसा ।

(दुवैजना विद्यालय प्रवेश गर्छन् )

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) अनिसा कहाँ बस्छिन् ?

(ख) अनिसा र फुर्साङ कति कक्षामा पढ्छन् ?

(ग) फुर्साङको परिवामा कति जना हुनुहुन्छ ?

(घ) अनिसाको परिवारमा कति जना हुनुहुन्छ ?

(ङ) अनिसाको बुबा कति वर्षको हुनुहुन्छ ?

## २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) अनिसाको आमा .................. वर्षको हुनुहुन्छ । (तिस वर्ष /पैँतिस वर्ष)

(ख) फुर्साङ ......... गाँउमा बस्छन् । ( केराबारी/मझुवा)

(ग) अनिसा र फुर्साङ ......... मा कुरा गरिरहेका थिए । (घरमा/बाटोमा)

(घ) फुर्साङको हजुरबुबा ................. वर्षको हुनुहुन्छ । (साठी वर्ष/सत्तरी वर्ष)

(ङ) अनिसाको बहिनी ................. वर्षको भइन् । (दुई वर्ष/तीन वर्ष)

## ३. तपाइँको परिवारको नाम सहित उमेर लेख्नुहोस् ।

| क्र.स. | नाम | उमेर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

३. उस्तै शब्दबिच जोडा मिलाउनुहोस् :

(क) बुबा　　　　अ) बहिनी

(ख) आमा　　　　आ) हजुरआमा

(ग) हजुरबुवा　　　　इ) बुबा

(घ) हजुरआमा　　　　ई) आमा

(ङ) बहिनी　　　　उ) हजुरबुबा

४. तपाईंको परिवारमा को को कति वर्षको हुनुभयो, लेख्नुहोस् ।

५. तपाईंको परिवार र छिमेकीको परिवार सङ्ख्या तुलना गर्नुहोस् ।

७. तपाईंले घरमा गर्ने कामहरूको सूची बनाउनुहोस् ।

# २ सपनाको परियोजना कार्य



सिर्जना, धनबहादुर, सन्जु र सपना श्री गणेश माविमा पढ्छन् । यो विद्यालय रोशी गाउँपालिकाको वडा नम्बर १२ मा पर्छ । सिर्जना, धन बहादुर, सन्जु र सपना पढ्ने साथी थिए । उनीहरूको गाउँ भने फरक फरक थियो । सिर्जना मगर ओखेनी गाउँमा बस्छिन् । भने धनबहादुर लामा शिखरपुरमा बस्छन् । सन्जु बि.कको घर घैयाबारी गाउँ हो । सपना थापाको घर भदौरे हो । गाउँ फरक भए पनि उनीहरू मिल्ने साथी हुन् । उनीहरूलाई श्री गणेश मावि रमाइलो लाग्थ्यो त्यसैले सधैँ स्कुल आउँथे ।

उनीहरूलाई स्थानीय विषय पढ्न निकै रमाइलो लाग्थ्यो । एक दिन गुरुआमाले उनीहरूलाई एउटा परियोजना कार्य दिनुभयो । परियोजना कार्यमा छिमेकी एउटा घर परिवारको सदस्यका नाम लेख्नुपर्ने थियो ।

उमेर र पेसा पनि लेख्नुपर्ने थियो । मिसले नाम ठेगाना उमेर र पेसा लेख्न तालिका बनाइदिनुभयो ।



भोलिपल्ट सिर्जना, धन बहादुर र सञ्जुले परियोजना कार्य पढेर सुनाए । सपनाको पालो आयो । उनले परियोजना कार्य सुनाउँदै थिइन् । "घरमुलीको नाम : हर्कबहादुर थापा । ठेगाना रोशी भदौरे । उमेर पैंतिस वर्ष । पेसा किसान ।" सबैजना साथीहरू हाँसे ।

"यो त तिम्रै घरको जनसङ्ख्या हैन र !" सञ्जुले भने । सपनाले कुरा बुझिहालिन् । उनले जिब्रो काड्दै भनिन् "ला ! मैले त अस्तिको परियोजना कार्य पो भनेछु !"

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सिर्जना कुन विद्यालयमा पढ्ने गर्थिन् ?

(ख) गणेश माध्यमिक विद्यालय रोशी गाउँपालिकाको कति वडा नम्बरमा पर्दछ ।

(ग) धनबहादुर कुन गाँउमा बस्ने गर्छन् ?

(घ) उनीहरूलाई कुन विषय पढ्न रमाइलो लाग्थ्यो ?

(ङ) सपनाले कहिलेको परियोजना कार्य सुनाउँदै थिइन् ?

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) सिर्जना | अ) घरमुली |
| (ख) धनबहादुर | आ) भदौरे |
| (ग) सन्जु | इ) घैयाबारी |
| (घ) सपना | ई) शिखरपुर |
| (ङ) हर्कबहादुर | उ) ओखेनी |

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् ।**

(क) सपनाले परियोजना कार्य सुनाउँदै थिइन् ।

(ख) मिसले उनीहरूलाई परियोजना कार्य दिनुभएन ।

(ग) सन्जु वि.क.को घर फलाङ्गे गाँउ हो ।

(घ) उनीहरूलाई स्कुल रमाइलो लाग्दैनथ्यो ।

(ङ) गाउँ फरक फरक भए पनि उनीहरू मिल्ने साथी हुन् ।

४. **तपाइँको परिवारमा कस कसले के के काम गर्नुहुन्छ, लेख्नुहोस् ।**

५. **तपाइँले विद्यालयमा गर्ने काम के के हुन्, लेख्नुहोस् ।**

६. **तपाइँ घरमा गएर तपाइँको बुवालाई कति वर्ष हुनु भयो ? तपाइँको पेशा के हो ? प्रश्न सोधी लेखेर ल्याउनुहोस् ।**

७. **छिमेकी परिवारका सदस्यहरूको नाम लेख्नुहोस् ।**

३

# पेम्साङको काम







मेरो नाम पेम्साङ तामाङ हो । म सात वर्षकी भएँ । म कक्षा दुईमा पढ्छु । मेरो घर काभ्रे जिल्लाको रोशी गाउँपालिका वडा न.तीनको शिखर गाउँमा पर्छ ।

म बिहान छ बजे उठ्छु । उठेर दाँत माझ्छु । मुख धुन्छु अनि पढ्न बस्छु । पढ्ने, लेख्ने काम सकिएपछि नौ बजे खाना खान्छु । म साँढे नौ बजे स्कुल जान्छु । म स्कुलमा साथीसँग मिलेर बस्छु । मिलिजुली पढ्छु र खेल्छु । हामी कहिलेकाहीँ साथीहरूसँग मिलेर कक्षाकोठा सफा गर्छौं । खेल्ने चौर सफा गर्छौं । स्कुलको नियम पालना गर्छौं ।



म घरमा फुर्सदको समयमा आमाबुबालाई सघाउँछु । म कहिलेकाहीँ आमालाई भान्सामा तरकारी केलाउन सघाउँछु । धाराबाट पानी ल्याएर सघाउँछु । घरभित्र र बाहिर सफा गर्छु । म कहिलेकाहीँ साथीहरूसँग पाखामा बाखा चराउन जान्छु । सबैले मलाई माया गर्छन् । सबैले मलाई असल नानी भन्छन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) पेम्साङ तामाङ कति कक्षामा पढ्छिन् ?

(ख) पेम्साङ तामाङको घर कहाँ हो ?

(ग) पेम्साङ तामाङ बिहान कति बजे उठ्छिन् ?

(घ) पेम्साङ तामाङ कति बजे विद्यालय जान्छिन् ?

(ङ) पेम्साङ तामाङले घरमा फुर्सदको समयमा के गर्छिन् ?

२.  शब्दसँग चित्रको जोडा मिलाउनुहोस् ।

(क) खाना पकाइरहेको



(ख) स्कुल जाँदै गरेको



(ग) तरकारी केलाइरहेको



(घ) बाख्रा चराउन गएको



(ङ) सफा गरेको



३. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) पेम्साङ तामाङ .......... वर्षकी भइन् । (सात/आठ)

(ख) उनको घर ........... जिल्लामा पर्दछ । (काभ्रे/ सिन्धुली)

(ग) पेम्साङ तामाङ बिहान .......... बजे उठ्छिन् । (पाँच/छ)

(घ) पेम्साङ तामाङ कहिलेकाहीँ साथीहरूसँग पाखामा ......... चराउन जान्छिन् । (बाखा/गाई)

(ङ) पेम्साङ तामाङ कहिलेकाहीँ आमालाई भान्सामा ......... केलाउन सघाउँछिन् । (तरकारी/खाना)

४. **तपाईँले घरमा र विद्यालयमा गर्ने तीन तीनओटा काम लेख्नुहोस् ।**

५. **कस्ता कस्ता काम गरेमा असल मान्छे हुन सकिन्छ, तीन वाक्यमा लेख्नुहोस् ।**

६. **तपाईँको घरको चित्र बनाउनुहोस् ।**

४

# मेरो गाउँ





लय– आमा रुँदै गाउँबेँसी मेलामा ...

(जान्नँ म त अर्काको ठाउँ, प्यारो लाग्छ सुन्दर मेरै गाउँ)२
स्वर्ग जस्तै सुन्दर छ मेरो प्यारो गाउँ
मन्दिर, गुम्बा, विद्यालय भरिपूर्ण ठाउँ
रोशीको हुँ भन्न मलाई ठुलो गर्व हुन्छ
माहाभारत लेक मेरो ताराखसे छुन्छ
(जान्नँ म त अर्काको ठाउँ, प्यारो लाग्छ सुन्दर मेरै गाउँ)२

हरियाली वनपाखा लालीगुराँस फुल्छन्
डाँफे मयूर कोइली चरी रमाउँदै डुल्छन्
मोटरबाटो स्वास्थ्यचौकी मेरै गाउँमा छ
अन्न फल्ने खेतबारी मेरै ठाउँमा छ
(जान्नँ म त अर्काको ठाउँ, प्यारो लाग्छ सुन्दर मेरै गाउँ)२





धारा, कुलो, बत्ती, बाटो विकास आएका छन्
आमाबुबा काकाकाकी सुख पाएका छन्
आमा रुन्छिन् दाजु दिदी विदेशमा जाँदा
मलाई सधैँ आनन्द छ गुन्द्रुक ढिँडो खाँदा
(जान्नँ म त अर्काको ठाउँ, प्यारो लाग्छ सुन्दर मेरै गाउँ)२

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) तपाईँलाई आफ्नो गाउँ कस्तो लाग्छ ?

(ख) हरियाली वनपाखामा कुन फूल फुल्दछन् ?

(ग) रोशीमा कुन कुन चराहरू रमाउँदै डुल्छन् ?

(घ) गाउँको तीनओटा विकास योजना लेख्नुहोस् ?

(ङ) के खाँदा आनन्द छ ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) ........ जस्तै सुन्दर छ मेरो प्यारो गाउँ (स्वर्ग/नर्क)

(ख) रोशी हुँ भन्न मलाई ठुलो ....... हुन्छ। (गर्व/डाह)

(ग) हरियाल वनपाखा ......... फुल्छन् (लालिगुराँस/गोदाबरी)

(घ) धारा, कुलो, बत्ती, बाटो ...... आएका छन् (विनास/विकास)

(ङ) मलाई सधैँ आनन्द छ गुन्द्रुक ...... खाँदा (चामल/ढिँडो)

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) ढिँडो | अ) तरकारी |
| (ख) मन्दिर | आ) फूल |
| (ग) बाटो | इ) खाना |
| (घ) लालिगुराँस | ई) धार्मिक स्थल |
| (ङ) गुन्द्रुक | उ) विकास |

४. **तपाइँको गाउँमा रहेका सार्वजनिक स्थलका नाम लेख्नुहोस् ।**

५. **तपाईंको घर वरपरको भौगोलिक धरातल कस्तो छ, लेख्नुहोस् ।**

६. **तपाईंको घर वरिपरि रहेको कुनै एउटा धार्मिक स्थलको अवस्था लेखी कक्षामा सुनाउनुहोस् ।**

७. **तपाइँको वरपर रहेका सार्वजनिक स्थल सरसफाइ गर्ने तरिका लेख्नुहोस् ।**

# ५ हाम्रा वरपरका सार्वजनिक स्थल





दिलबहादुरको घरनजिकै स्वास्थ्यचौकी छ । मानिसहरू बिमारी हुँदा स्वास्थ्यचौकी जान्छन् । स्वास्थ्यचौकी नजिकै चौतारो छ । चौतारोभन्दा केही पर वन छ । चौतारोमा बसेर मानिसहरू आनन्द लिन्छन् । मानिसहरू वनमा घाँस दाउरा लिन जान्छन् । सिताको घरनजिकै महाँकाल देवी र नारायण मन्दिर छ । मानिसहरू मन्दिरमा पूजा गर्न जान्छन् । सोनामको घरनजिकै गुम्बा रहेको छ । गुम्बामा पनि मानिसहरू पूजा पाठ गर्न जान्छन् । सजिता मगरको घरनजिकै रोशीको चर्चित तिनधारे झरना पर्छ । यहाँ टाढा टाढादेखि मानिसहरू झरना अवलोकन गर्न आउँछन् ।



मेरो घर रोशी गाउँपालिका वडा न.३ को भदौरे गाउँमा पर्दछ । मेरो वडामा रोशीको चर्चित ताराखसे पोखरी छ । सुन्दर महाभारत लेक छ । हात्ती आहाल, सितापाइला र महभिर खोलामा सुन्दर ३ ओटा झरनाहरू रहेका छन् । साँझकोटमा भिमसेन मन्दिर छ । भण्डारेमा गुफाभित्र महादेवको मूर्ति छ । शिखरमा माहाँकालदेवीको मन्दिर छ । यहाँ गुम्बाहरू पनि छन् । यी मन्दिर र गुम्बाहरूमा मानिसहरू पूजा गर्न जान्छन् ।



मेरो वडामा छओटा विद्यालय छन् । ती मध्ये पाँचओटा प्राथमिक विद्यालय छन् । एउटा माध्यमिक विद्यालय रहेको छ । विद्यालयमा हामी पढ्न जान्छौँ । मेरो विद्यालय नजिकै वडा कार्यालय र हुलाक घर रहेको छ । वडा कार्यालयमा मानिसहरू धेरै सेवा लिन जान्छन् । हुलाक घरमा चिठीपत्र पठाउने र लिने काम हुन्छ । विद्यालय जाँदा र फर्कँदा बाटामा धारा, खोला, कुलो, कुवा, र पाटी पनि भेटिन्छन् । यी पानीका स्रोतबाट हामीलाई चाहिने पानीको लिन्छौँ ।





यी स्वास्थ्यचौकी, चौतारो, वन जङ्गल, मन्दिर, गुम्बा, झरना, विद्यालय, वडा कार्यालय, हुलाक घर, पसल, धारा, कुवा, खोला, मोटरबाटो, कुलो, चउर हाम्रा साझा सम्पत्ति हुन् । हामी सबैले साझा सम्पत्तिको माया गर्छौं ।

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) दिलबहादुरको घरनजिकै के रहेको छ ?

(ख) मानिसहरू बिरामी हुँदा कहाँ जान्छन ?

(ग) तिनधारे झरना कहाँ रहेको छ ?

(घ) मानिसहरू मन्दिरमा के गर्न जान्छन् ?

(ङ) हाम्रा साझा सम्पत्तिहरू के के हुन् ?

**२. ठिक उत्तर मात्र कापीमा लेख्नुहोस् :**

(क) रोशी गाँउपालिकाको भदौरे गाँउ ३ नम्बर वडामा पर्दछ ।

(ख) भदौरेमा रोशीको चर्चित माछा पोखरी छ ।

(ग) भदौरेमा ६ ओटा विद्यालयहरू छन् ।

(घ) भदौरेमा दुईओटा माध्यामिक विद्यालय छन् ।

(ङ) वडा कार्यालयमा मानिसहरूले धेरै सेवा लिन जान्छन् ।

**३. तलका भनाइ ठिक भए ठिक (√) र बेठिक भए बेठिक (x) चिह्न लगाउनुहोस् ।**

(क) दिल बहादुरको घरनजिकै स्वास्थ्यचौकी छ ।

(ख) मानिसहरू बिरामी हुँदा स्वास्थ्यचौकी जाँदैनन् ।

(ग) रोशीमा चर्चित तिनधारे झरना पर्दछ ।

(घ) चौतारामा बसेर मानिसहरू आनन्द लिन्छन् ।

(ङ) भदौरेमा दुईओटा माध्यमिक विद्यालय छन् ।

४. **सार्वजनिक स्थल संरक्षणका लागि स्थानीय भाकामा गीत तयार गर्नुहोस् ।**

५. **वडा स्तरमा रहेका सार्वजनिक स्थलको सूची बनाउनुहोस् ।**

६. **तपाईँको नजिकै रहेको स्वास्थ्य चौकीबाट के कस्ता सुविधाहरू पाउन सकिन्छ, कक्षाकोठामा छलफल गरी लेख्नुहोस् ।**

७. **सार्वजनिक स्थलको महत्त्व तीन वाक्यमा लेख्नुहोस् ।**

# ६ मेरो गाउँको धार्मिक स्थल



मेरो नाम सुप्रिया मगर हो । मेरो घर रोशी गाउँपालिका वडा नं. नौ, रजबासमा पर्छ । म कक्षा दुईमा पढ्छु । म पढ्ने विद्यालयको नाम श्री बिन्ध्यवासिनी माध्यमिक विद्यालय हो । मेरो गाउँमा धेरै धार्मिक स्थलहरू छन् । म फुर्सदका समयमा धार्मिक स्थलहरू घुम्ने गर्छु ।

मेरो विद्यालयनजिकै गुफा देवस्थल छ । यो मेरो विद्यालय नजिकै रहेको धार्मिक स्थल हो । मेरो गाउँमा गुफा देवस्थल बाहेक अरू पनि धार्मिक स्थलहरू छन् । भुमेथान मेरो गाउँको प्रसिद्ध धार्मिक स्थल हो । भुमेथानमा हरेक पूर्णिमा र औँसीमा पूजा गरिन्छ । यस बाहेक वैशाख



पूर्णिमा र जनै पूर्णिमाको दिन मेला लाग्दछ। भुमेको मुख्य थान भुमेचुली डाँडामा रहेको छ। मेरो गाउँमा रामेश्वरी मन्दिर पनि छ। यहाँ शिवरात्री तथा बाला चतुर्दशीमा मेला लाग्दछ । रामेश्वरी मन्दिरनजिकै कृष्ण मन्दिर रहेको छ । यहाँ कृष्ण जन्माष्टमीमा मेला लाग्दछ । रजबासमा मङ्गलभूमि बुद्ध विहार पनि रहेको छ । यहाँ वैशाख पूर्णिमामा बुद्ध जयन्ती मनाइन्छ। यहाँ असार पूर्णिमा र कार्तिक पूर्णिमामा विशेष पूजा तथा शान्ति पाठ हुन्छ ।

यसै गरी मेरो गाउँको देउरालीमा नारायणको मन्दिर पनि छ । यहाँ हरिबोधिनी एकादशीमा मेला लाग्दछ । मेरो गाउँको ती सबै धार्मिक स्थलहरू हाम्रा साझा सम्पत्ति हुन्। हामी सबैले ती धार्मिक स्थलहरूको सरसफाइ गरेर संरक्षण गर्नुपर्छ। यहाँ हुने पूजा र मेला हाम्रा संस्कृतिहरू हुन् । ती संस्कृतिहरूलाई हामी सबै मिलेर बचाइराख्नुपर्दछ । हामीले धार्मिक स्थलको संरक्षण गरी असल नागिरक बन्न सक्छौं ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सुप्रिया मगरको घर कहाँ पर्दछ ?

(ख) सुप्रियाले पढ्ने विद्यालयको नाम के हो ?

(ग) सुप्रिया कति कक्षामा पढ्छिन् ?

(घ) भुमेथानमा कुन कुन समयमा पूजा गरिन्छ ?

(ङ) नारायणको मन्दिर कहाँ रहेको छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) सुप्रियाको घर ............. मा रहेको छ । (रजबास/पानान्चे)

(ख) सबै धार्मिक स्थलहरू हाम्रा ......... सम्पति हुन् । (व्यक्तिगत/साझा)

(ग) संस्कृतिहरूलाई हामी सबै मिलेर ......... राख्नुपर्दछ । (बचाइ/बेवास्ता)

(घ) रजवास रोशी गाउँपालिकाको ......... वडा नं. मा पर्दछ । (वडा नं. ९/वडा नं. १०)

(ङ) सुप्रिया ........... कक्षामा पढ्छिन् । (कक्षा १/कक्षा २)

## ३. जोडा मिलाउनुहोस् :

(क) मन्दिर



(ख) विद्यालय



(ग) गुफा



(घ) डाँडा



(ङ) मेला



## ४. तपाईँको घर नजिकको मन्दिर र गुम्बाको अवलोकन गर्नुहोस् र देखेका कुरा लेख्नुहोस् ।

५. तपाईँका वरपर रहेका मन्दिर वा गुम्बा वा चर्चको छोटो परिचय लेख्नुहोस् ।

६. तपाईँको विद्यालयको चउरमा जानुहोस् र चउरका भएका फोहोर टिपेर फोहोर फाल्ने भाँडामा राख्नुहोस्। तपाईँले चउरमा के के फोहोर टिप्नुभयो, सूची बनाउनुहोस् ।

७. मठ, मन्दिर, गुम्बाको चित्र बनाएर रङ भर्नुहोस्।

# ७ पुष्पकको कथा




स्थानीय विषयको कक्षा सुरु भयो । शिक्षकले सोध्नुभयो, "आज कसको कथा भन्ने पालो ?"

सबैले एकै स्वरमा भने, "पुष्पक पुष्पक ।"

पुष्पक कथा भन्न अगाडि आए । उनले भने, "यो कथा मलाई मेरो बुबाले सुनाउनुभएको हो । कथा यसरी सुरु हुन्छ -

साङ्डेन झगरे गाउँमा बस्थे । उनी गाउँकै चलाख र बाठा बालक थिए । उनी गाउँका सबै साथीहरूसँग मिलेर बस्थे । आफ्नो आमाबुबालाई घरको काममा सघाउँथे । उनी सधैँ साथीहरूसँग विद्यालय जान्थे । उनी पढ्ने स्कुलको नाम श्री भुवनेश्वरी आधारभूत विद्यालय हो । एक

दिनको कुरा थियो । उनी काली खोलानजिकैको बाटो हुँदै विद्यालय आउँदै थिए । अचानक उनले पीपलको रुखमुनि जुरेलीको बच्चा देखे । बचेरा च्याँ च्याँ कराउँदै भुइँमा बसेको थियो । जुरेलीको गुँड त्यही पीपलको रुखमा रहेछ । बचेराको पखेँटा उम्रिएको थिएन । त्यो उडेर गुँडमा जान सक्तैनथ्यो । जुरेली माउ भने चिरबिर चिरबिर गर्दै बचेराको वरिपरि घुमिरहन्थ्यो । साङ्डेनले जुरेलीको बचेराभन्दा केही पर एउटा



ढाडे बिरालालाई पनि देखे । त्यो बिरालो बचेरालाई खाने दाउमा थियो । बिरालो साङ्डेनलाई देखेर बचेरानेर आउन सकेको थिएन । साङ्डेन पनि ढाडे बिरालादेखि अलिअलि डराएका थिए । आफूले त्यस बचेरालाई छाडेर गए ढाडे बिरालाले खान्छ भन्ने चिन्ता भयो । पीपलको रुख अलि पर लाप्साङ काकाको घर थियो । चलाख साङ्डेनले हत्तनपत्त लाप्साङ काकालाई चिच्याएर बोलाए । काका आउनुभयो । काकालाई साङ्डेनले सबै कुरा बताए । बचेरा खाने दाउमा रहेको ढाडे बिरालालाई उहाँले लखेट्नुभयो । बिरालो डरले सुइँकुच्चा ठोक्यो । लाप्साङ काकाले बचेरालाई उसकै गुँडमा राखिदिनुभयो । माउ जुरेली पनि खुसी

भएर गुँडमा बस्यो । जुरेलीको बचेरालाई बचाउन पाएकामा साङ्डेन रमाउँदै स्कुल पुगे । उनी स्कुलपुग्दा ११:०० बजिसकेको थियो । मिसले साङडेनलाई ढिलो स्कुल आउनुको कारण सोध्नुभयो । साङ्डेनले सबै कुरा आफ्नो मिस र साथीहरूलाई सुनाए । उसले गरेको राम्रो कामको बयान सुनेर सबै जनाले ताली बजाए । मिसले उसलाई स्याबासी पनि दिनुभयो ।

"आहा ! कस्तो राम्रो कथा ।" सबै साथीरूले एकसाथ भने र ताली बजाए । सरले पुष्पकलाई "स्यावास" भन्नुभयो ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) कथा भन्ने पालो कसको रहेको थियो ?

(ख) साङ्डेन कुन गाउँमा बस्थे ?

(ग) साङ्डेन को सँग विद्यालय जान्थे ?

(घ) साङ्डेनले पीपलको रुखमुनि के देखे ?

(ङ) साङ्डेनले हत्तनपत्त कसलाई बोलाए ?

### २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) बचेराको ........... उम्रिएको थिएन । (पखेटा/खुट्टा)

(ख) साङ्डेनले जुरेलीको बचेराभन्दा केही पर ........... देखे । (कुकुर/बिरालो)

(ग) साङ्डेन ............ खोला नजिकैको बाटो हुँदै विद्यालय आउँथे । (काली/सेती)

(घ) साङ्डेन ............ गाउँमा बस्थे । (भगरे/झगरे)

(ङ) उनी ............ थिए । (चलाख/सोझो)

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) साङ्डेन पढ्ने स्कुलको नाम श्री भुवनेश्वरी आधारभूत विद्यालय हो।

(ख) साङ्डेनलाई मिसले स्याबासी दिनुभयो ।

(ग) उनी विद्यालय पुग्दा १०:०० बजेको थियो ।

(घ) बिरालो चरालाई खाने दाउमा थियो ।

(ङ) मिसले साङ्डेनलाई विद्यालय ढिला आउनुको कारण सोध्नुभएन ।

४. **तपाईँले सुन्नुभएको एउटा कथा कक्षामा साथीलाई सुनाउनुहोस् ।**

५. **तपाईँले हिजो देख्नुभएको कुनै घटना कक्षामा साथीलाई सुनाउनुहोस् ।**

६. **तपाईँको जीवनमा साङ्डेनको जस्तै घटना भएको हुनसक्छ, कक्षामा सुनाउनुहोस् ।**

७. **तपाईँको वरपर रहेको मठ, मन्दिर, गुम्बामा लाग्ने मेला देखेको आधारमा तपाईँलाई रमाइलो लागेको दुई ओटा कुरा लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

८

# हाम्रो भ्रमण



म दोर्जे हुँ । मेरो साथी पासाङ हो । हामी दुवै जना छ वर्षका भयौँ । हामी रोशी माध्यामिक विद्यालयमा कक्षा दुईमा पढ्छौँ । कक्षा दुईमा पढ्ने हामी धेरै साथी छौँ । मङ्सिर महिना सुरु भएको थियो । शान्ति गुरुआमाले कक्षा दुईका सबै विद्यार्थीहरूलाई एक दिने भ्रमण लाने कुरा गर्नुभयो । हामी सबै विद्यार्थीहरू खुसीले गद्गद् भयौँ ।

मङ्सिर पन्ध्र गते कहिले आउला भनेर हामी कुरिरहेका थियौँ । मङ्सिर पन्ध्र गते आयो । हामी सबै भ्रमण जान तयारी भएर विद्यालयको चौरमा जम्मा भयौँ । हामीलाई भ्रमण लैजान बस पनि तयारी थियो । एघार बज्यो । शान्ति गुरुआमाले हामीलाई लाइन लगाएर बसमा चढाउनुभयो ।

भ्रमण टोलीको बस विद्यालयबाट हिँड्यो । बस रोशी गाउँपालिका हुँदै वडा नम्बर चारतर्फ हिँड्यो । हामी झ्यालको सिसाबाट हेर्दै रमाउँदै थियौँ । हामी चौकी डाँडा, पोटा दोभान लुर्पुङबेँसी हुँदै सानी खोला दोभान पुग्यौँ । गुरुआमाले गाउँ, बस्ती, खोला, जङ्गल, बोटबिरुवाको नाम चिनाउनुभयो । हामीले बसमा गीत गायौँ । कथा कविता र चुट्किला भन्यौँ ।



रोशीको किनारै किनार सानी खोलाबाट बायाँतर्फ खोलाको छेउ हुँदै बस अघि बढ्यो । उकालो ओरालो घुम्ती हुँदै गुप्तेश्वर खोँच पुगेको पत्तै भएन । प्राकृतिक बनावट हरियाली थियो । भिरालो परेको जमिन थियो । नदीको छेउमा रहेको गुप्तेश्वर महादेव स्थान रमणीय थियो । "यो गुप्तेश्वर महादेव यहाँको प्रसिद्ध तिर्थस्थल हो । यहाँ माघे सङ्क्रान्तिमा ठुलो मेला लाग्छ ।" गुरुआमाले भन्नुभयो । हामी सबैले गुप्तेश्वर महादेवको पूजाआजा गर्‍यौँ ।

हाम्रो भ्रमण टोली त्यहाँबाट उकालो लाग्यो । अलिमाथि जोगेश्वर महादेवको मन्दिर र जोगेश्वर मावि थियो । हामी सबैले त्यहाँको भौतिक अवस्था र व्यवस्थापन हेर्न लाग्यौं । जागेश्वर मावि को भवन आकर्षक र सुविधा सम्पन्न रहेछ । त्यो भवन विदेशी सहयोगी संस्थाको सहयोगमा निर्माण भएको रहेछ । त्यसपछि हामी महादेवटार, शिखर हुँदै नारायणटार पुग्यौं । रोशी गाउँपालिकाको वडा नम्बर एक, दुई, तीन र चारको भ्रमण सकेर बेलुका चार बजे हामी विद्यालयको आँगनमा पुग्यौं ।




शान्ति गुरुआमाले विद्यार्थीको दुई दुई जनाको समूह बनाउनुभएको थियो । समूहलाई भ्रमणमा देखेका कुराहरू प्रस्तुत गर्न लगाइयो । म र पासाङको जोडी समूहको प्रस्तुति उत्कृष्ट ठहर भयो । सबैले धन्यवाद दिनुभयो । साथीहरू, हाम्रो एक दिने भ्रमण यस्तो भयो । तपाईंहरूको नि ?

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) दोर्जे र पासाङ कुन विद्यालयमा पढ्छन् ?

(ख) उनीहरू कति वर्षका भए ?

(ग) कक्षा दुईका विद्यार्थीलाई कहिले भ्रमण लगियो ?

(घ) विद्यालयबाट बिहान कति बजे बस छुट्यो ?

(ङ) भ्रमण सकेर कति बजे विद्यालय फर्किए ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) दोर्जे र पासाङ ............... विद्यालयमा पढ्छन् । (रोशी/गणेश)

(ख) दोर्जे र पासाङ ........................ कक्षामा पढ्छन् । (कक्षा दुई/कक्षा तीन)

(ग) ............... गुरुआमाले कक्षा दुई का सबै विद्यार्थीहरूलाई भ्रमण लाने कुरा गर्नुभयो । (सरला/शान्ती)

(घ) ...............को जोडी समूहको प्रस्तुति उत्कृष्ट ठहर भयो । ( दोर्जे र पासाङ/राम र श्याम)

(ङ) ........... महिनाको समय थियो । (वर्षा/हिउँद)

३. तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :

(क) दुई दुई जनाको समूहमा भ्रमणमा देखिएका कुराहरू प्रस्तुत गर्न लगाइयो ।

(ख) शान्ति गुरुआमा पनि भ्रमणमा सहभागी हुनुभयो ।

(ग) दोर्जे र पासाङ दुवैजना ४ वर्षका भए ।

(घ) भ्रमण माघ महिनामा भएको थियो ।

(ङ) भ्रमण दुई दिनको थियो ।

४. आफ्नो वरपरको रमाइलो ठाउँ घुम्न जानका लागि योजना बनाउनुहोस् ।

५. तपाईँ घुम्न जाँदा देख्नुभएका पाँचओटा रुख बिरुवाको नाम लेख्नुहोस् ।

६. तपाईँको नजिकै रहेको कुनै एउटा प्रसिद्ध स्थल भ्रमण गर्नुहोस् र त्यस ठाउँको विषयमा लेख्नुहोस् ।

७. घुम्न जाँदा के कस्ता कुरामा होसियारी हुनुपर्छ, लेख्नुहोस् ।

# ५ हाम्रो रोशी

हरियाली डाँडाकाडा रमाइला छन् गाउँ
चारैतिर झिलिमिली अति सुन्दर ठाउँ





विपी मार्ग कति राम्रो गुड्छन गाडी ताँती
मङ्गलटार माम्ती नार्के घुम्न  जाऊ साथी

रोशी खोला सललल बग्दै बग्दै जाने
काफलडाँडा काफल पाक्यो घुम्दै टिपी खाने





तीन धारे झरना झऱ्यो माथिदेखि तल
कति सफा स्वच्छ पानी बग्छ कल कल

कालिन्चोक भूमिचुली महादेव मन्दिर
गुप्तेश्वरी गुफा पस्दा हुनुपर्छ गम्भीर ।



खुवा खाँदै बुद्धचित्त माला उन्न जाऊँ
बाटो छेउ भेटिएका काफल टिपी खाऊँ ।

तारा खसे लेक हेर्दै डाँडापारि जाऊँ
ल्होछार जात्रा मेला जाँदा सफा लुगा लाऊँ ।





वनपाखा खोला नाला झरना तलाऊ ताल
बगाइ लान्छ वर्षातमा आउँछ ठूलो छाल ।

विद्यालय कति राम्रा पढ्न लेख्न पाइने
गुम्बा, चैत्य, मठ, मन्दिर धर्म गर्न चाहिने ।



सामाजिक मेल मिलाप सबै साथी भाइ
रोशी हाम्रो कति राम्रो हेर्नुहोस् घुम्न आई ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) रोशी गाउँपालिकामा रहेका डाँडापाखा कस्ता छन् ?

(ख) रोशी गाउँपालिकामा कुन राजमार्ग पर्दछ ?

(ग) रोशीमा रहेको ठुलो खोलाको नाम के हो ?

(घ) रोशीमा कुन झरना रहेको छ ?

(ङ) धर्म गर्न के के चाहिन्छ ?

## २. जोडा मिलाउनुहोस् :

(क) खोला



(ख) राजमार्ग



(ग) वनजङ्गल



(घ) गुफा



(ङ) जात्रा



३. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) विद्यालय .......... पाइने ठाँउ हो । (पढ्न/हेर्न)

(ख) रोशी खोलामा वर्षातमा ठुलो ......... आँउछ । (नाल/छाल)

(ग) रोशी गाउँपालिकामा ........ माला पाइन्छ । (बुद्धचित्त/रुद्राक्ष)

(घ) रोशीको ....... राजमार्गमा गाडी गुड्छन । (वि.पी./अरनिको)

(ङ) रोशीमा ......... खोला रहेको छ । (बागमती/ रोशी)

४. **भ्रमणमा जाँदा के कस्ता सामग्री लैजानुपर्छ, लेख्नुहोस् ।**

५. **भ्रमणमा जाँदा देखेका कुरा किन लेख्नुपर्छ, लेखेर बताउनुहोस् ।**

६. **तपाइँ घुम्न जाँदा देखेका मध्ये तपाइँलाई मन परेको वस्तुको चित्र बनाउनुहोस् ।**

# १० हाम्रा घरपालुवा जनावर









रामकुमार गुरु कक्षामा आउनुभयो । उहाँले चार्ट देखाई छलफल गर्न सुरु गर्नुभयो । के के छलफल गर्नुभयो, पढौँ है त ।



गुरु : मेरो हातमा के होला ?

विद्यार्थी : चित्र छ ।

गुरु : केको चित्र छ ?

विद्यार्थी : सर देखाउनुहोस् न के को चित्र छ !

गुरु : तपाईंहरूको घरमा कुन कुन जनावर पालिएको छ, भन्नुहोस् अनि मात्र देखाउँछु ।

विद्यार्थी : गाई, भैँसी, बाखा, कुखुरा, सुँगुर, हाँस ।

गुरु : ल, त्यसोभए यी चित्र के केका हुन् ?




विद्यार्थी : आहा ! कति राम्रा चित्र ! गाई, भैँसी, बाख्रा, कुखुरा, सुँगुर, हाँस ।

गुरु : यो के को तस्विर हो ?

पुजनी : भैँसीको ।

गुरु : स्याबास !

गुरु :		यो के को तस्बिर हो ?

सम्राट :	बाख्राको ।

गुरु :		स्यावास् !

गुरु :		यो के को तस्वीर हो ?

रन्जना :	गोठको ।

गुरु :		स्याबास !

यसै गरी गुरुले सुँगुर, कुकुर र कुखुराको तस्बिर देखाउनुभयो ।

जेशन :	किन बाघ, भालु, हात्तीको तस्बिर नल्याउनुभएको ?

गुरु :		गाई, भैँसी, बाख्रा, कुकुर, सुँगुर घरमा पालिन्छन् । घरमा पालिने जनावरलाई घरपालुवा जनावर भनिन्छ । बाघ, भालु हात्ती, जङ्गलमा बस्छन् । तिनीहरूलाई घरमा पालिँदैन । आज घरमा पालिने जनावरको मात्र तस्बिर ल्याएको छु ।

रन्जना :	गाई, भैँसी, बाख्रा, कुखुरा, सुँगुर, हाँस चाहिँ किन घरमा पालिएको ?

गुरु :		हो तिमीले राम्रो प्रश्न गर्‍यौँ । गाई, भैँसी, बाख्रा, कुखुरा, सुँगुर, हाँस मासु, दुध र मलका लागि पालिन्छन् । यी जनावरले के के खान्छन्, कसरी पालिन्छन्, यी जनावर पाल्दा के फाइदा हुन्छ, यी सबै कुरा हामीले जानकारी राख्नुपर्छ । हामी यो विषयमा भोलि पनि छलफल गर्छौं । सबै भाइबहिनीहरूलाई धेरै धेरै धन्यवाद !

(गुरु बाहिरिनुभयो । सबैजना घरपालुवा जनावरको चित्र बनाउन लागे ।)

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) कक्षामा को आउनुभयो ?

(ख) शिक्षकको हातमा के थियो ?

(ग) शिक्षकले के के को तस्बिर देखाउनुभयो ?

(घ) घरमा पालिने जनावरहरू कुन कुन हुन् ?

(ङ) घरमा पालिने जनावरलाई के भनिन्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) गाई, भैँसी, बाखा .......... मा पालिन्छ । (घर/जङ्गल)

(ख) शिक्षकले ......... को चित्र देखाउनुभयो । (बाघ/बाख्रा)

(ग) बाघ ......... मा पाइने जनावर हो । (घर/जङ्गल)

(घ) शिक्षकले आज घरमा पालिने ........ मात्र ल्याउनुभएको थियो । (जनावर/पन्छी)

(ङ) बाघ, भालु, हात्ती ......... मा पाइन्छ । (जङ्गल/घर)

३. **ठिक उत्तर कापीमा लेख्नुहोस् :**

(क) बाघ घर पालुवा जनावर हो ।

(ख)   गाईले घाँस खान्छ ।

(ग)   सुँगुर घरमा पालिन्छ ।

(घ)   शिक्षकको हातमा भैँसीको तस्बिर थियो ।

(ङ)   गुरुले अन्जनालाई गाली गर्नुभयो ।

४. **तपाईँको घरमा मासु र दुधका लागि पालिएको जनावरको नाम लेख्नुहोस् ।**

५. **तपाईँको घरमा पालिएका पशुपन्छीका बासस्थानका नाम लेख्नुहोस् ।**

६. **घर पालुवा दुई ओटा जनावरको चित्र बनाउनुहोस् ।**

७. **गाई भैँसी पाल्नाले के के फाइदा हुन्छ लेख्नुहोस् ।**

# ११ हाम्रो खेती



मेरो नाम देवी हो । म थाक्लेमा बस्छु। मेरो घरनजिकै खेत छ। मेरो बुबा किसान हो । मेरो आमा पनि किसान हो । उहाँहरू खेतमा काम गर्नुहुन्छ । खेतमा अन्न फलाउनुहुन्छ । खेतमा काम गरेर अन्न तरकारी फलाउनुलाई खेती भनिन्छ ।

बुबा बिहान उठ्नुहुन्छ र खेतमा जानुहुन्छ। गोरु नारेर खेत जोत्नुहुन्छ। असार महिनामा धान रोप्नुहुन्छ । हिउँदमा गहुँ, फापर खेती गर्नुहुन्छ । तोरी पनि लगाउनुहुन्छ । हाम्रो घरदेखि पर बारी छ। बारीमा मकै, भटमास लगाउनुहुन्छ। अनि कोदो पनि रोप्नुहुन्छ । धान, मकै, गहुँ अन्न बाली हो । अन्न खाएर हामी बाँच्दछौ । बुबा आमाले तरकारी खेती पनि गर्नुहुन्छ । आलु, प्याज, गोलभेँडा लगाउनुहुन्छ । रायो, मुला, काउली पनि रोप्नुहुन्छ । मलाई हरियो तरकारी मनपर्छ। आमाबुबाले भैँसी पनि पाल्नुभएको छ। भैंसीले दुध दिन्छ ।

खेती गरेर हामीलाई फाइदा भएको छ। खेती गर्दा अन्न फल्छ। तरकारी पनि फल्छ। अन्न र तरकारी बेचेका पैसाले घरखर्च टरेको छ। म आफ्नै



खेतीको ताजा अन्न, तरकारी र फलफूल खान्छु । त्यसैले म स्वस्थ र फुर्तिलो छु ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) देवीको घर कहाँ हो ?

(ख) देवीको बुबा के काम गर्नुहुन्छ ?

(ग) गोरु नारेर के काम गरिन्छ ?

(घ) खेत बारीमा काम गर्नेलाई के भनिन्छ ?

(ङ) देवीको परिवारले के के बेचेर आम्दानी गर्नुहुन्छ ?

## २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) देवीको बुबाआमा .......... हो । (शिक्षक/किसान)

(ख) खेतमा काम गर्नुलाई ......... भनिन्छ । (खेती/तरकारी)

(ग) ......... अन्न बाली हो । (धान/काउली)

(घ) धान ......... महिनामा रोपिन्छ । (मङ्सिर/असार)

(ङ) किसान ........... मा काम गर्छ । (अफिस/खेत)

## ३. जोडा मिलाउनुहोस् :

(क) धान



(ख) मकै



(ग) गहुँ



(घ) प्याज



(ङ) आलु



४. तपाइँको खेतबारीमा फल्ने अन्न तरकारीको नाम लेख्नुहोस् र भन्नुहोस् ।

५. तपाइँको खेतबारीमा फल्ने फलफूलको नाम भन्नुहोस् ।

६. तपाइँको नजिकैको छिमेकी किसानको घरमा जानुहोस् र उहाँले के कस्ता तरकारी खेती गर्नुभएको छ टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. करेसाबारी तरकारीको तीनओटा फाइदा लेख्नुहोस् र भन्नुहोस् ।

# १२ हाम्रो लोक भाका



आऊ साथी खेल्न आऊ
डम्फु र मादल बजाऊ
कम्मर मर्काई गीत गाई
नाचौँला छम्छमी रमाइ । ल्हासो ...........।



टुङ्नाको  टुङ्टुङ् झ्यालीको झ्याइ
झ्याउरे र सेलोमा रमाई
दोहोरी गीत गाएर
नाँचौँला हात समाई । ल्हासो ..........।





दौरा सुरुवाल लगाई
हिँडौँला टोपी ढल्काई
गुन्यूँ र चोलीमा सजाउँदै
खेलौँला हामी रमाउँदै । ल्हासो ..........।

रोशीको पानीले नुहाउँला
सफा सुग्घर बनौँला
सोनाम ल्होछर बेलामा
भेटौँला गुम्बाको मेलामा । ल्हासो ..........।



## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) हामी कसरी नाच्दछौँ ?

(ख) टुङ्नाको कस्तो आवाज आउँछ ?

(ग) सोनाम ल्हाछारको बेलामा कहाँ भेट हुन्छ ?

(घ) गीतमा कहाँको पानीले नुहाउँला भनिएको छ ?

(ङ) झ्यालीको कस्तो आवाज हुन्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) हामी.......... नाच्नुपर्दछ । (छमछमी/कम्मर मर्काइ)

(ख) टुङ्नाको ......... आवाज हुन्छ । (दुङदुङ/टुङ्टुङ्)

(ग) झ्याउरे र सेलोमा रमाई ...... गीत गाउँछौँ । (दोहोरी/पप)

(घ) मानिसहरू ............. ढल्काइ हिँड्छन् । (सुरुवाल/टोपी)

(ङ) सोनाम ल्हाछारको समयमा ........ मा मेला लाग्छ । (गुम्बा/मन्दिर)

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् ।**

(क) हामी छमछमी नाच्दछौँ ।

(ख) झ्यालीको झ्याइँ झ्याइँ आवाज आउँछ ।

(ग) सोनाम ल्होछारको बेलामा कृष्ण मन्दिरमा मेला लाग्छ ।

(घ) ल्होछारमा मानिसले दौरा सुरुवाल लगाउँदैनन् ।

(ङ) टुङ्ना एक प्रकारको बाजा हो ।

४. **तपाईँको गाउँघरमा गाइने एउटा लोक गीत लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

५. **साथीलाई स्थानीय लोक गीत गाउन लगाउनुहोस् र नाचेर देखाउनुहोस् ।**

६. **तपाईँको गाउँघरमा गाइने कुनै तीनओटा लोक भाकाको नाम लेखी सुनाउनुहोस् ।**

७. **स्थानीय लोक बाजाहरूको नाम लेख्नुहोस् र बजाउने अभ्यास पनि गर्नुहोस् ।**

८

# ढुकुर र स्याल



एक समयको कुरा हो, रोशी खोलाको किनारमा एउटा सानो गाउँ थियो । गाउँको नजिकै जङ्गल पनि थियो । त्यस जङ्गलमा एक जोडी ढुकुर बस्थे । तिनीहरूको गुँड झ्याम्म परेको अग्लो रूखमा थियो । त्यो गुँड कसैले देख्न सक्दैनथे । तिनीहरू गुँडमा एकदम सुखपूर्वक बसिरहेका थिए ।

ढुकुरका जोडी बिहानै गुँडबाट निस्कन्थे । जङ्गलमा यताउता आहारा खोज्थे । कहिले खहरे पाँगो पुग्थे । कहिले नारायणटार पुग्थे त कहिले आम्बोटे पुग्थे । तिनीहरू सिसाखानी, कालिन्चोक र थाक्लेको रनवन चाहार्थे । तिनीहरू बेलुका भएपछि आफ्नो गुँडमा फर्कन्थे ।



त्यस जङ्गलमा एउटा छट्टु स्याल पनि बस्थ्यो । स्याल निकै चलाख र धूर्त थियो । स्याल आफ्नो आहाराको खोजीमा भौतारिँदै घरी भदौरे, घरी मन्दगाउँ पुथ्यो । कहिलेकाहीँ रघुचौर, मङ्गलटार, करमडाँडा र माम्तीसम्म पनि पुग्थ्यो । यसरी डुल्दै जाँदा एकपटक स्यालको आँखा जोडी ढुकुरमा पऱ्यो । "त्यो ढुकुरसँग कसरी सम्बन्ध जोड्ने होला ? ढुकुरलाई खान नसके पनि त्यसका बचेराहरूलाई खान पाइन्छ कि ?" स्यालले विचार गऱ्यो ।

एक दिनको कुरा हो, स्याल ढुकुर बस्ने वासस्थानमा पुग्यो । स्यालले नम्र हुँदै भन्यो, "तिमीहरूको कति राम्रो जोडी । मलाई साह्रै मन पऱ्यो । के हामी मित लगाउन सक्छौँ ?"

"ढुकुर कुर कुर, हुन्छ नि ।" स्यालको कुरालाई दुवै ढुकुरले स्वीकार गरे । तिनीहरूले धुमधामसँग मित लगाए ।

समय बित्दै गयो । जाडो याम सकेर वर्षायाम पनि सुरु भयो । "ढुकुरले अझै गुँड किन नलगाएको होला ? यिनीहरूले फुल पार्ने योजना नै

बनाएनन् कि के हो ?" स्यालले विचार गऱ्यो र ढुकुरलाई सोध्यो, "ए मित ज्यू अब त गुँड लगाउने बेला भएन ?"



"अब सुरु गर्नुपर्ला" ढुकुरले जबाफ दियो । स्यालले चाल नपाउने गरी ढुकुर जोडीले नयाँ गुँड बनाउन थाले । यता स्याल कहिले ढुकुरले गुँड बनाउला र बच्चा कोरलेर हुर्काउला भनी दिनरात विचार गरिरहन्थ्यो । स्यालले पटक पटक गुँड बनाउने प्रश्न सोधिरह्यो । स्यालको चलाखी ढुकुरले बुझेका थिए । त्यसैले "छैन हजुर" तिनीहरूले जवाफ दिए । तर ढुकुरले गुँड लगाई सकेर अण्डा पारिसकेका थिए । त्यसपछि स्याल आफ्नो बासस्थानतर्फ फर्कियो ।

जोडी ढुकुर ज्यादै चिन्तित भए । ढुकुरले गुँड लगाएपछि स्यालले बारम्बार आएर सोधपुछ गररह्यो । ढुकुरले भने गलत जबाफ दिइनै रहे । समयको क्रमसँगै यता ढुकुरजोडीले अण्डा कोरली बचेराहरू निकाली परिपक्व बनाए ।

एकपटक स्याल ढुकुरको गुँडमा नै आइपुग्यो, "मित ज्यू बचेराहरूको प्वाँख पलायो?" स्यालले सोध्यो "अहिले पलाएको छैन अलिक समयपछि हेर्न आउनू ।" ढुकुरले भने । केही दिनपछि फेरि स्याल त्यसतर्फ गयो । स्याल ढुकुरको गुँडमा के पुग्न लागेको थियो, ढुकुर र बचेराहरू भुरुरु उडेर गए । स्याल त जिल्ल पऱ्यो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) रोशी खोलाको किनारमा के थियो ?

(ख) गाउँको नजिकै जङ्गलमा को बस्दथ्यो ?

(ग) स्यालले ढुकुरसँग किन मित लगाउने विचार गऱ्यो ?

(घ) ढुकुरका जोडी आहारा खोज्न कहाँ कहाँ पुग्थे ?

(ङ) स्याल किन जिल्ल पऱ्यो ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) स्याल निकै चलाख र .......... थियो । (धूर्त/साधु)

(ख) ढुकुरका जोडी बिहानै .......... बाट निस्कन्थे । (घर/गुँड)

(ग) जङ्गलमा एउटा ....... स्याल बस्थ्यो । (छट्टु/बाठो)

(घ) ढुकुरले गुँड बनाइ सकेर ......... पारिसकेको थियो ।
(चल्ला/फुल)

(ङ) स्यालको व्यवहारले जोडी ढुकुर ज्यादै .......... भए ।
(खुसी/चिन्तित)

३. **जोडा मिलाउनुहोस् :**

(क) जोडी ढुकुर



(ख) गुँड



(ग) स्याल



(घ) अण्डा



(ङ) बचेरा



४. स्याल र ढुकुरको कथा जस्तै तपाईँले सुनेको एउटा कथा सुनाउनुहोस् ।

५. तपाईँले हिजो देख्नुभएको कुनै एउटा रमाइलो घटना साथीलाई सुनाउनुहोस् ।

६. तपाईँले तपाईँको घर वरिपरि कुनै चराले गुँड लगाएको देख्नु भएको होला, यदि देखेको छैन भने आमा बुबासँग सोधी चराले गुँड बनाउँदा के कस्ता क्रियाकलाप गर्दछ, लेख्नुहोस् ।

७. तपाईँले घरमा सरसफाइको काम कसरी गर्नुहुन्छ, लेख्नुहोस् ।

# १४ कुहिने र नकुहिने फोहोर

स्थान : घट्टे खोला बजार

समय : १: बजे

पात्रहरू : छिरिङ र पासाङ



(छिरिङ नवलमा बस्छन् र पासाङ कोटथुम्कामा बस्छिन् । आज शनिबारको दिन दुवैजना घट्टे खोला बजारमा भेट हुन्छ । )

पासाङ : ओहो ! छिरिङ, आज तिमी पनि बजार आएको ?

छिरिङ : हो नि, अनि तिमी पनि अइछ्यौ त ?

पासाङ : केही सामान लिन आमाले पठाउनुभएको अनि आएँ नि ।

छिरिङ : ए ए, म पनि सामान किन्न नै आए को हुँ ।

(दुवै जना सामान किन्छन् र प्लास्टिकको झोलामा हाल्छन्)

पासाङ : ए छिरिङ, हेर त यो प्लास्टिकको झोला त नकुहिने फोहोर हो नि, है ।




छिरिङ : हो नि, हिजो सरले कक्षामा भन्नुभएको होइन र ?

पासाङ : हो त नि, हाम्रो वरिपरि कुहिने नकुहिने फोहोरहरू हुन्छन् भनेर पनि भन्नुभएको थियो नि ।

छिरिङ : सिसा, प्लास्टिक, फलामका टुक्राहरू नकुहिने फोहोर हुन् । कागज, तरकारीका बोक्राहरू झारहरू कुहिने फोहोर हुन् पनि त भन्नुभएको थ्यो नि । त्योचाहिँ बिर्स्यौ ?

पासाङ : अँ, तिमीलाई मात्र थाहा होला नि ? मलाई पनि त थाहा छ नि ।

छिरिङ : ए, त्यसोभए कुहिने फोहोर र नकुहिने कसरी जम्मा गर्ने गरेको छ त ?

पासाङ : पहिला कुहिने र नकुहिने फोहोर छुट्याउने । अनि छुट्टा छुट्टै खाडल वा फोहोर फाल्ने भाँडामा जम्मा गर्ने ।

छिरिङ : ल ल, हामी दुवैलाई थाहा छ त भै गो नि । अरूलाई पनि हामीले थाहा दिनुपर्छ ।

पासाङ र छिरिङ (एउटै स्वरमा) : अब छुट्टिऊँ है त, भोलि विद्यालयमा भेटौँला । (उनीहरू बिदा हुन्छन् ।)

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) पासाङ कुन ठाउँमा बस्छिन् ?

(ख) छिरिङ र पासाङको भेट कहाँ भएको थियो ?

(ग) पासाङलाई कसले बजार पठाउनुभएको थियो ?

(घ) कुहिने कुनै तीन ओटा वस्तुको नाम लेख्नुहोस् ।

(ङ) नकुहिने कुनै तीन ओटा वस्तुको नाम लेख्नुहोस् ।

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

(क) शनिबारको दिन पासाङ र छिरिङ ......... गएका थिए । (मङ्गलटार बजार/घट्टेखोला बजार)

(ख) सिसा .......... वस्तु हो । (कुहिने/नकुहिने)

(ग) झारहरू ............. वस्तु हो । (कुहिने/नकुहिने)

(घ) छिरिङको घर ......... मा रहेको छ । (कोटथुम्का/नवल)

(ङ) पासाङको घर ......... मा रहेको छ । (कोटथुम्का/नवल)

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) छिरिङ बस्ने | अ) बजार |
| (ख) पासाङ बस्ने | आ) कुहिने |
| (ग) प्लास्टिक | इ) नवल |
| (घ) कागज | ई) कोटथुम्का |
| (ङ) घट्टे खोला | उ) नकुहिने |

४. **घर वरपर फोहोर भएमा के के हानि हुन्छ, लेख्नुहोस् ।**

५. **पाँच पाँचओटा कुहिने र नकुहिने फोहोरको नाम लेख्नुहोस् ।**

६. **कुहिने र नकुहिने वस्तुहरू छुट्टा छुट्टै ठाउँमा राखी कुहिने वस्तु कति समयमा कुहिन्छ परीक्षण गरेर हेर्नुहोस् ।**

७. **तपाइँको छिमेकमा भएका एकजना असल मानिस खोजी गर्नुहोस् र उहाँले गरेका दुईओटा असल कार्य लेख्नुहोस् ।**

# १५ वैद्य आमा



"सुजिना, ए सुजिना ।" आमाले सुजिनालाई धेरै पटक बोलाउनुभयो । सुजिना स्कुलबाट आएर सुतेकी थिइन् । आमा सुजिनाको कोठामा जानुभयो । सुजिना त ओछ्यानमा सुतिरहेकी रहिछन् । आमाले निधार छाम्दै भन्नुभयो, "ए नानी तिमीलाई त हनहनी ज्वरो पो आएछ । रुघाखोकी पनि लागेछ । टाउको दुखेको होला ? म छिट्टै औषधी बनाएर ल्याउँछु है !" आमा औषधी बनाउन जानुभयो ।

सुजिना ओछ्यानमा सुतिरहिन् । उनीले सुतिरहँदा मामाघर नार्के बजार गएको सम्झिइन् । बजारमा थुप्रै खालका जडीबुटीहरू बेच्न राखेका थिए । उनकी आमाले पनि केही जडीबुटीहरू किन्नुभएको थियो । कपालको चाया हटाउन उहाँले रिट्ठो र अमला कुटेर नुहाउने धुलो तयार पार्नुभएको थियो । केही महिना अगाडि हजुरबुबाको खुट्टा मर्किंदा उहाँले खएर, आँक पकाएर औषधी लगाइदिनुभएको थियो ।

गाउँमा कोही बिरामी हुँदा पनि आमाले घरमा नै औषधी तयार गरेर

दिनुहुन्थ्यो । गाउँलेहरूले उहाँको गुणगान गाएको सुजिनालाई याद आयो । आफ्नो आमाको यस्तो काम सम्झिँदा सुजिनालाई खुसी लाग्यो ।



सुजिनाकी आमाले एउटा सफा भाँडामा मेथी, ज्वानो, मरिच, तुलसी, अदुवा, बेसार, पानीमा राखेर पकाउनुभयो । सेलाएर मनतातो भएपछि अलि अलि गर्दै सुजिनालाई दिनुभयो । जाउलो, खोले जस्ता झोलिलो खानेकुरा दिनुभयो । पोसिला खानेकुराहरू, जस्तै : आँप, अनार, मेवा, अण्डा, गेडागुडी  खान दिनुभयो । सुजिना छिट्टै ठिक भएर विद्यालय जान थालिन् । ठिक भएपछि उनले आमालाई भनिन्, "आमा आमा  म त वैद्य दिदीले गर्दा चाँडै ठिक भए नि ।" आमाले सोध्नुभयो, "को वैद्य दिदी ?"

उनले देखाउँदै भनिन्, "तपाईं ।" दुवै आमा छोरी खित्का छोडेर हाँस्न लागे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सुजिनालाई कसले बोलायो ?

(ख) कसलाई टाउको दुखेर ज्वरो अएको थियो ?

(ग) सुजिनाको आमाले पानीमा के के राखेर पकाउनुभयो ?

(घ) तपाईँलाई मन पर्ने कुनै तीन ओटा फलफूलको नाम लेख्नुहोस् ।

(ङ) गाँउलेहरूले कसलाई वैद्य दिदी भन्छन् ?

२. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) बेसार | अ) अमिलो |
| (ख) अमला | आ) पहेँलो |
| (ग) मेवा | इ) पिरो |
| (घ) मरिच | ई) स्वादिलो |

३. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

(क) सुजिनाको मामाघर ........................ मा छ । (नार्केबजार / मङ्गलटार)

(ख) तुलसी, अदुवा, बेसार, मेथी .............. पनि हुन् । (विषादी/जडीबुटी)

(ग) ............... ले नुहाउँदा कपालको चाया हराउँछ । (रिट्ठो/डिट्ठो)

(घ) खयरको ....................... हो । (रुख/झारपात)

(ङ) सुजिनाको घर .................... मा छ । (नार्के/कटुन्जे)

४. तपाइँ बिरामी हुँदा गाउँघरमा पाइने कुन कुन औषधी खानुभएको छ, लेख्नुहोस् ।

५. तपाइँ घरमा विद्यालयमा के कस्ता शारीरिक व्यायाम गर्नुहुन्छ, गरेर साथीलाई देखाउनुहोस् ।

६. कुनै एउटा रोग र जडीबुटीबाट उपचार गर्ने तरिका घरमा आमालाई सोध्नुहोस् र लेखेर ल्याई साथीलाई सुनाउनुहोस् ।

७. शारीरिक व्यायामबाट हुने दुई ओटा फाइदा लेख्नुहोस् ।

# १६ बुद्धिमान छोराछोरी



“ला ! अब के गर्ने होला ! हावाले उडाउँछ कि के हो ?” दोर्जेले आत्तिँदै डोल्माको हात समाएर भने ।

“विपत्का बेला आत्तिनु हुन्न, दोर्जे । यस्तो बेलामा त बुद्धिले काम गर्नुपर्छ ।” डोल्माले यताउता हेर्दै भनिन् ।

अकाशमा कालो बादल ढाकेर आयो । विजुली चम्क्यो । गड्याङ गुडुङ गर्दै मेघ गर्जियो ।  हावा हुरी चल्न थाल्यो । असिना पर्न थाल्यो । उनीहरूले यताउता जोगिने ठाउँ खोजे ।



"त्यहाँ हेर त डोल्मा, कति ठुलो ओढार रहेछ ।" दोर्जेले जङ्गलको ओढार देखाउँदै भने ।

"ए, हो त नि, जाऔँ जाऔँ त्यहीँ गएर बसौँ ।" डोल्माले भनिन् । उनीहरू ओढारको कुनामा टाँसिएर वसे ।

डोल्मा र दोर्जे विद्यालयबाट घर फर्केका थिए । उनीहरू दिदीभाइ थिए । दोर्जे कक्षा दुईमा पढ्थे । डोल्मा कक्षा पाँचमा पढ्थिन् । उनीहरूको विद्यालय भुमेस्थान मा वि हो । भुमेस्थान मावि लुर्पुङमा छ । उनीहरू सँगै विद्यालय आउने जाने गर्थे । उनीहरूको घर रोशी -५ घ्याङडाँडामा छ । विद्यालयबाट घर पुग्न आधा घण्टा लाग्छ । जङ्गलको बाटो छ । आधा बाटोमा पुग्दा नपुग्दै आँधीबेहरी चलेको थियो ।

आँधीबेहरी रोकियो । दोर्जे हिँड्न तम्सिए । "सावधान ! हिँड्न हतार गर्नुहुन्न । ठुलो असिना पानी परेको छ । पहिरो जान सक्छ । खोलामा बाढी आएको होला । हतार गर्दा खतरा हुन सक्छ । एकछिन यतै



बसौँ ।" डोल्माले दोर्जेको हात तान्दै भनिन् । डोल्माको कुरा दोर्जेले माने । दुवै जना ओढारबाट बाहिर निस्किए र असिनासँग खेल्न लागे ।

"तिमीहरू सरासर घर नआएर खेलेर पो बसेको ?" डोल्मा र दोर्जे बुबाको आवाज सुनेर झसङ्ग भए । उनीहरूका बुबा घुम ओडेर आउनुभएको रहेछ । हातमा दुइटा पानी कागज पनि थियो ।

"हामी यहीँ आइपुगेका थियौँ । ठुलो आँधीबेहरी चल्यो । अनि जोगिनका लागि त्यही गुफामा लुकेर बस्यौँ ।" दोर्जेले भने ।

"आँधीबेहरी, असिना, चट्याङ, बाढी पहिरो आगलागी, महामारी, भुकम्प जस्तो प्राकृतिक प्रकोपलाई विपत भनिन्छ । यस्तो विपतबाट हामी सुरक्षित हुन पो सिक्नुपर्छ त । हामीले यस्ता कुरा पढेर सिकेका हौँ ।" डोल्माले भनिन् ।

"हामी ओढारमा नबसेको भए के हुन्थ्यो ? बुबा पनि !" दोर्जेले भने ।

बुबा मुसुक्क हाँस्नुभयो र दुवैलाई मुसार्दै भन्नुभयो, "स्याबास मेरा बुद्धिमान् छोराछोरी ।"

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) दोर्जेले किन आत्तिँदै डोल्माको हात समाते ?

(ख) दोर्जे र डोल्मा कुन विद्यालयमा अध्ययन गर्थे ?

(ग) उनीहरूलाई विद्यालयबाट घर पुग्न कति समय लाग्दथ्यो ?

(घ) विपत् भनेको के हो ?

(ङ) विपत् पर्दा हामीले के गर्नुपर्दछ ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) दोर्जेकी दिदीको नाम ................. हो । (सीता/डोल्मा)

(ख) दोर्जेले जङ्गलको ........ देखाए । (ओढार/ढुङ्गा)

(ग) दोर्जे र डोल्मालाई खोज्न ........ आउनुभएको थियो । (आमा/बुवा)

(घ) विपत्मा हामी......... हुन सिक्नुपर्छ । (सुरक्षित/असुरक्षित)

(ङ) ठुलो पानी परेको समयमा खोलामा ..... आउँछ। (सर्प/बाढी)

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) विपत्मा हामी सुरक्षित हुनु पर्दैन ।

(ख) विपत्को बेला आत्तिनु हुँदैन ।

(ग) डोल्मा र दोर्जे दिदीभाइ हुन् ।

(घ) उनीहरूका बुवाको हातमा दुई ओटा पानी कागज थियो ।

(ङ) डोल्मा र दोर्जे रुखको फेदमा ओत लागेका थिए ।

४. **हावाहुरीबाट कसरी सुरक्षित हुन सकिन्छ, लेख्नुहोस् ।**

५. **चट्याङबाट बच्न के के गर्न सकिन्छ, लेख्नुहोस् ।**

६. **हावाहुरीबाट बच्नका लागि अपनाउने उपायहरू लेखी कक्षामा टाँस्नुहोस ।**

७. **तपाईँलाई परेको वा देख्नुभएको विपत्को अनुभव साथीलाई कक्षामा सुनाउनुहोस् ।**

# १७ विपतबाट बच्ने उपायहरू




(प्रतिमा लामा श्री भुमेस्थान माध्यमिक विद्यालयकी शिक्षक हुन् । उहाँ कक्षा दुईमा कक्षा शिक्षण गर्नुहुन्छ । स्थानीय विषय पढ्ने समयमा भयो । आज विपत्बाट बच्ने उपायहरू छलफल गर्नुपर्ने थियो । विद्यार्थी भाइबाहिनी र प्रतिमा लामा बिच के के कुराकानी भयो होला ?)

गुरुआमा: नमस्कार, भाइबहिनीहरू !

विद्यार्थी : नमस्कार, गुरुआमा !

गुरुआमा : सन्चै हुनुहुन्छ नि ?

विद्यार्थी : सन्चै छौँ, गुरुआमा ।

गुरुआमा : आज हामी के सिक्दै छौ, भन्न सक्नुहुन्छ नि ?

पासाङ : गुरुआमा, हामीले बुद्धिमान् छोराछोरी कथा पढ्यौँ । के के लाई विपत् भनिन्छ, त्यो पनि सिक्यौँ । विपत्बाट चाहिँ कसरी बच्न सकिन्छ ?

गुरुआमा : हो पासाङले ठिक भन्नुभयो । हामीलाई आइपर्ने विपतहरू के के हुन्, भनेर सिकेका थियौ भन्नुस् त ।



विद्यार्थी : हावा, हुरी, आगलागी, बाढी पहिरो, चट्याङ, असिना, भूकम्प ।

गुरुआमा: : स्याबास ! तपाईंहरूले ठिक भन्नुभयो । आज हामी विपत्बाट बच्ने उपायहरू छलफल गर्छौं । अँ, हावाहुरी, चट्याङ असिना पर्दा तपाईंहरू के के गर्नुहुन्छ ?

सिता : गुरुआमा, म त घरभित्र नै बस्छु ।

नोर्बु : गुरुआमा, खेतबारी, वन र बाटामा हिँड्दै गर्दा पनि आँधी आउन सक्छ । त्यस्तो बेलामा म त नजिकैको घर वा ओढारमा बस्छु । रुखमुनि ओत लाग्दिनँ ।

कल्पना : गुरुआमा, भूकम्प आयो भने म त टेबुलमुनि लुक्छु ।

गुरुआमा : स्याबास ! हो, हावाहुरी, चट्याङ, असिना बाढी पहिरो आएका बेलामा घरबाहिर निस्कनु हुँदैन । घरबाहिर भएमा ओत लाग्ने ठाउँमा बस्नुपर्छ । अनि भुईँचालो आउँदा घरबाहिर भाग्न सकिएन भने टेबलमुनि, खाटमुनि लुक्नुपर्छ। सकेसम्म खुला चौरमा बस्नुपर्छ । अँ, आगलागीबाट बच्नचाहिँ के गर्नुहुन्छ ?

उर्गेन : म त आगलागी भएको छेउछाउ जान्न ।

गुरुआमा : हो उर्गेनले ठिक भन्नुभयो । हामीलाई धेरै किसिमका विपत् आइपर्न सक्छ । ती विपत्बाट कसरी बच्न सकिन्छ, सबैले अभिनय गरेर देखाउने, है त ?

(गुरुआमाले अभिनय गरेर देखाउन लाग्नुभयो । विद्यार्थीहरू नक्कल गर्न लागे ।)

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) प्रतिमा लामा कुन विद्यालयकी शिक्षक हुन् ?

(ख) हामीलाई आइपर्ने विपत्हरू के के हुन् ?

(ग) विपत्बाट बच्नका लागि हामीले के के गर्न सक्छौं ?

(घ) प्रतिमा कति कक्षाको कक्षा शिक्षक हुन् ?

(ङ) भूकम्प आउँदा कसरी बच्न सकिन्छ ।

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) हावाहुरी, आगलागी ............ हुन् (विपत्/झगडा)

(ख) प्रतिमा ........ स्कुलकी शिक्षक हुन् । (गणेश/भुमेस्थान)

(ग) प्रतिमा ........... कक्षाको कक्षा शिक्षक हुन् । (कक्षा एक/कक्षा दुई)

(घ) प्रतिमा गुरुआमाले ......... के बाट बच्ने उपायहरू पढाउनु भयो । (विपत्/नाच )

(ङ) ......... आगलागी भएको छेउछाउ जाँदैनन् । (उर्गेन/नोर्बु)

३. **चट्याङबाट बच्न कसरी सकिन्छ, अभिनय गरी देखाउनुहोस् ।**

४. **हावा हुरी मौसमको चित्र बनाउनुहोस् ।**

५. **तपाईंले देख्नुभएको कुनै विपत्बाट के कस्तो क्षति भएको थियो, टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस ।**

६. **भूकम्प आएका बेलामा के के गर्नुपर्छ, अभ्यास गरेर देखाउनुहोस् ।**

१८

# मोबाइल



मोबाइल हो नाम
धेरै यसको काम
कुरा गर्न चाहिने
खबर पढ्न पाइने ।

सबैका छन् हातमा
बोकेका छन् साथमा
कुराकानी बुनेका
गीत पनि सुनेका

मात्र एकछिन हेर्छु
चित्रकथा पढ्छु
दिनुस् बाबा मलाई
बिगार्दिन चलाई

एकछिन खेल खेल्छु
राम्रा फोटा हेर्छु
हेर्न सिक्न चाहिने
माबाइल नै पाइने

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) मोबाइलको के के काम रहेका छन् ?

(ख) पाठका अनुसार सबैको हातमा के छ ?

(ग) एक अर्काबिच कुरा गर्न के चाहिन्छ ?

(घ) तपाईंको घरमा कति ओटा मोबाइल छन् ?

(ङ) तपाईंको घरको मोबाइल कसले बोक्नुहुन्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) मोबाइलबाट .......... गर्न सकिन्छ । (कुराकानी/छलफल)

(ख) खबर पढ्नका लागि .......... चाहिन्छ । (रेडियो/मोबाइल)

(ग) मोबाइलमा ............ सुन्न पाइन्छ । (गीत/तस्वीर)

(घ) मोबाइलमा ............ खेल्न पाइन्छ । (गेम / चुङ्गी)

(ङ) राम्रा फोटा हेर्न ........... चाहिन्छ । (रेडियो/मोवाइल)

३. **तपाईँको घरमा मोबाइल छ ? छ भने तपाईँले प्रयोग गर्नुभएको होला ? प्रयोग गर्दा के के देख्नु र सुन्नुभयो, लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

## ४. जोडा मिलाउनुहोस् :

(क) मोवाइल



(ख) रेडियो



(ग) पत्रिका



(घ) टिभी



(ङ) चिठी




## ५. कक्षामा दुईओटा मोबाइल ठिक पार्नुहोस् र मोबाइलबाट अभिनयात्मक कुराकानी गर्ने अभ्यास गर्नुहोस् ।

## ६. एउटा मोबाइलको चित्र बनाउनुहोस् ।

# १५ चिठी



रोशी १२, शिखरपुर, काभ्रे

२०७८/२/२३

प्यारो साथी राम

मिठो सम्झना

यहाँ मलाई सन्चै छ । त्यहाँ तपाईँलाई पनि सन्चै होला भन्ने आसा गर्दछु । भेट नभएको पनि धेरै समय भयो । हामी रोशी गाउँपालिकामा नै बस्छौँ । तर घर टाढा भएकाले भेट हुन सकेको छैन । दुई दिन अघि तिम्रो चिठी पाएको थिएँ । तपाईँको पत्र पढेपछि भेटभए जस्तै लाग्यो । त्यसैले मैले पनि तपाईँका लागि पत्र लेख्दै छु ।

तपाईँले पत्रमा मोबाइल किन्ने कुरा गर्नुभएको रहेछ । के गर्नु यो हाम्रो माबाइल किनेर बोक्ने उमेर पनि हैन नि । हामीसँग मोबाइल किन्ने पैसा पनि छैन । हामीलाई मोबाइलको त्यति ठुलो काम पर्दैन । कहिलेकाहीँ हेर्न आमाबुबा दाइ दिदीका मोबाइलले काम चल्छ । मोबाइलको सही प्रयोग गर्न सकिएन भने हाम्रो पढाइलाई असर पर्छ । हामी भर्खर कक्षा दुईमा पढ्दैछौँ । हाम्रो यो पढ्ने बेला पो हो त । म त अहिले मोबाइल

किन्दिन । चिठीमा हामीले सिकेका राम्रा कुरा जति पनि लेखेर साटासाट गर्न सक्छौँ । हाम्रो सजिलो र सस्तो सूचनाको माध्यम चिठी नै हो ।

तपाईंले घरमा र विद्यालयमा सिकेका कुरा चिठीमा लेखेर पठाउनुस् है । तपाईंको पत्र पाएपछि म पनि पठाउने छु । बाँकी कुरा अर्को चिठीमा लेखूँला । अहिलेलाई यति नै ।

तिम्रो प्रिय साथी

सागर

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) चिठी कसले लेखेको हो ?

(ख) कस्ले मोबाइल किन्ने कुरा गरेको छ ?

(ग) मोबाइल प्रयोग गर्नाले पढाइ के हुन्छ ?

(घ) कसले मोबाइल नकिन्ने विचार गरेको छ ?

(ङ) चिठी कसलाई लेखिएको हो ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) .......... ले मोबाइल किन्ने कुरा गरेको छ । (राम/सागर)

(ख) सागरको मिल्ने साथी ............. हो । (हरि/राम)

(ग) हामीसँग मोबाइल किन्ने ......... छैन । (पैसा/कागज)

(घ) चिठी सूचनाको ........ हो । (साधन/भाँडो)

(ङ) मोवाइलले हाम्रो पढाइलाई ........... पार्दछ। (असर/फाइदा)

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) चिठी | अ) मित्र |
| (ख) मोबाइल | आ) प्यारो |
| (ग) माध्यम | इ) पत्र |
| (घ) प्रिय | ई) कुरा गर्ने साधन |
| (ङ) साथी | उ) बाटो |

४. **सूचना आदानप्रदानको दुईओटा फाइदा लेख्नुहोस् ।**

५. **मोबाइल प्रयोग गर्दाको अनुभव साथीलाई सुनाउनुहोस् ।**

६. **तपाईँको बुबाआमाको मोबाइल माग्नुहोस् र तपाईँको आफन्तलाई फोन गर्नुहोस् । तपाईँलाई फोन गर्दा कस्तो अनुभव भयो, दुई वाक्यमा लेख्नुहोस् ।**

७. **कक्षामा सूचना आदानप्रदान सम्बन्धी खेल खेल्नुहोस् ।**